नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १५ | २०७८ साल साउन १९ गते मंगलबार (3 Aug. 2021 Tuesday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : प्राधिकरण विधेयक पारित... ३ पृष्ठमा : कोषद्वारा ८०० थान ... ३ पृष्ठमा : भारतमा दैनिक सङ्क्रमितको...

**जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरौं**

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड -१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवातजावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरुमा आवतजावत गर्दा अनिवार्य रुपमा मास्क लगाऔं ।
- अनावश्यक भिडभाड नगरौं, भौतिक दूरी कायम गरौं ।
- कोभिड-१९ रोकथामको लागि सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# छिन्नमस्ता भगवतीको मुकुटसहित चोरीका अभियुक्त पक्राउ





**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ स्थित आइतबार राती चोरी भएको छिन्नमस्ता भगवतीको मुकुटसहित चोरीका अभियुक्त सोमबार बिहान पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले चोरी भएको मुकुटसहित जिल्लाको विष्णुपुर गाउँपालिका ५ मझाउ गाउँ निवासी २३ वर्षिय राजेश कुमार मण्डललाई पक्राउ गरेको जनाएको छ ।

सोमबार बिहान ७ बजेतिर घरमै रहेको पूजा घरमा चोरी गरिएको मुकुट राखी बसिरहेको अवस्थामा पक्राउ परेका मण्डललाई सोमबार दिउँसो पत्रकार सम्मेलनको आयोजना गरि प्रहरीले सार्वजनिक समेत गरेको छ ।

छिन्नमस्ता भगवतीको मस्तकबाट चोरी गरिएको ५ सय ८ ग्राम तौलको चाँदीको मुकुट चोरी गर्ने मण्डलको मानसिक अवस्था ठीक नभएको प्रहरीले जनाएको छ । उनले गाउँमै मन्दिर बनाउने भनी योजनाका साथ उक्त मुकुट झिकेर कालो ब्यागमा राखी मन्दिरबाट निस्केको खुलेको छ ।

आइतबार साँझ ७:३० बजेतिर मन्दिरका पूजारीहरु सन्ध्याकालिन आरतीका लागि मन्दिर परिसरमै रहेको पोखरीतर्फ लागेका बेला उनी भित्र छिरेको प्रहरीको भनाई छ ।

कोरोनाको जोखिमलाई ध्यानमा राखी दुई महिना भन्दा बढी समयदेखी मन्दिर क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरिएको छ । नियमित पूजापाठ बाहेकका सम्पूर्ण कार्यहरु बन्द गरिएको छ । तर, यस्तो अवस्थामा पनि मन्दिरमा चोरी हुनु दुःखद र आश्चर्यपूर्ण विषय भएको भन्दै स्थानियले अविलम्ब आवश्यक सुरक्षा व्यवस्था मिलाउन माँग गरेका छन् ।

यता मण्डललाई सोमबारै सप्तरी जिल्ला अदालतमा उपस्थित गराई चोरी मुद्दामा पक्राउ पूर्जी समर्थन गराई थप अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्र धमलाले जानकारी दिएका छन् ।

# मामा घर आएका सात वर्षिय बालकको पोखरीमा डुबेर ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

मामा घर आएका एक सात वर्षिय बालकको पोखरीमा डुबेर सोमबार ज्यान गएको छ ।

राजबिराज नगरपालिका वडा नं. १ चनौरा रामटोलमा रहेको पोखरीमा डुबेर मामा घर आएका सप्तरीकै राजगढ गाउँपालिका ३ नर्घो निवासी घुरन रामका ७ वर्षिय छोरा उमेश रामको ज्यान गएको हो ।

प्रहरीका अनुसार पोखरीमा नुहाउने क्रममा उनको मृत्यु भएको हो । यता मृतकको शव पोष्टमार्टमका लागी राजबिराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा ल्याइएको र थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## सप्तरी उद्योग बाणिज्य संघ राजविराजको सदस्यता नविकरण सम्बन्धी अत्यावश्यक सूचना

सप्तरी उद्योग बाणिज्य संघको ११ औं साधारण सभा यही २०७८ असोज ९ गते शनिबारका दिन हुने भएको व्यहोरा सहर्ष जानकारी गराइन्छ । साथै यस संघका सदस्यहरुले आ-आफ्नो सदस्यता नविकरण मिति २०७८/०५/२५ गते भित्र गराउन हुनका लागि यो सूचना जारि गरिएको छ । उक्त मिति सम्ममा नविकरण नगराएको खण्डमा साधारण सभा र अधिवेशनमा सहभागि हुनबाट बञ्चित भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धीत सबैलाई जानकारी गराइन्छ ।

**महासचिव**
**अनन्तलाल साह**
**सप्तरी उद्योग बाणिज्य संघ, राजविराज**

# ओभरटेक गर्ने क्रममा मोटरसाइकल दुर्घटना हुँदा दुईको मृत्यु, दुई घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको खडक नगरपालिका ४ अमहामा सोमबार साँझ भएको मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार पश्चिमबाट पुर्बतर्फ जादै गरेको बा.२ख. ५६८२ नं.को बसलाई सोही दिशाबाट जादै गरेको स.११प. ४०३८ न.को मोटरसाइकलले ओभरटेक गर्ने क्रममा अनियन्त्रित भई विपरित दिशाबाट आउदै गरेको र प्र.न.२-०१-००१ प ९५५६ न.को मोटरसाइकलमा ठोकिदा दुर्घटना भएको हो ।

सो दुर्घटनामा स.११.प. ४०३८ नं. को मोटरसाइकल चालक सप्तरीको शम्भुनाथ ७ बस्ने २८ वर्षिय बुद्धसागर चौधरीको घटनास्थलमै तथा प्र.न.२-०१-००१ प ९५५६ न. को मोटरसाइकल चालक सिरहाको लहान १७ बस्ने २८ वर्षिय रामशंकर यादवको उपचारका क्रममा मृत्यु भएको छ ।

यस्तै घाइते हुनेमा स.११.प. ४०३८ नं. को मोटरसाइकल पछाडी सवार सप्तरीको शम्भुनाथ ७ बस्ने २८ वर्षिय आनन्द चौधरी र प्र.न.२-०१-००१ प ९५५६ न.को मोटरसाइकल पछाडी सवार सिरहाको लहान २० बस्ने २३ वर्षिया सोनम चौधरी रहेका छन् । ती दुबैको लहानस्थित अस्पतालमा उपचार भइरहेको छ ।

यता दुर्घटना भएका

*बाँकी अन्तिम पृष्ठमा*

**अब हामी २३ औं वर्षमा**
**२०७८ श्रावण १९**

संस्था स्थापना कालदेखि सफलतापुर्वक २३ औं वर्ष सम्म यहाँहरुले दिनु भएको साथ सहयोग र शुभेच्छा प्रति कृतज्ञ छौ । बिगतमा झै अगामी दिनहरुमा समेत यहाँहरुको अलौकिक सदिच्छाको अविरल आशा सहित सहकारी मुल्य, मान्यता र आर्दश अनुरुप संस्थाको सेवा, सुबिधा अनि गुणस्तरियिता र बिश्वसनियतामा पुर्ण सचेत भई तपाईहरु संग सदैव सेवामा समर्पित हुने प्रण गर्दछौ ।

आईडियल सहकारी संस्था लिमिटेड
मुख्य कार्यालय, राजबिराज -४
फोन नं. ०३१-५३१३९९

सेवा केन्द्र हनुमाननगर बजार
फोन नं. ०३१५८०२७५

सेवा केन्द्र पातो बजार
फोन नं. ९८०१५६१९३०

जय आइडियल ॥ जय सहकारी

# प्राधिकरण विधेयक पारितः इयूको उडान प्रतिबन्ध हट्ने अपेक्षा

काठमाडौँ, १८ साउन (रासस)।

राष्ट्रियसभामा झण्डै तीन वर्षदेखि अड्किएको "नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६" र "नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६" पारित भएको छ।

राष्ट्रियसभाको सोमबारको बैठकले मुलुकको हवाई उड्डयन क्षेत्रको संस्थागत सुदृढिकरण गर्ने प्रयोजनका निम्ति बनेका दुई विधेयक सर्वसम्मतिले पारित गरेको हो।

प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले बैठकमा विधान व्यवस्थापन समितिको प्रतिवेदनसहितको प्राधिकरण विधेयक प्रस्तुत गर्नुभएको थियो। उक्त विधेयकमा सांसदहरुले छलफल गर्नुभएको थियो।

सरकारले मुलुकको हवाई उड्डयन क्षेत्रलाई सुरक्षित र प्रभावकारी बनाउने उद्देश्य साथ नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई विभाजन गरी दुई छुट्टाछुट्टै संस्थाको रुपमा विकास गर्ने प्रयोजनका निम्ति विधेयक ल्याएको हो।

अन्तर्राष्ट्रिय हवाई सुरक्षा चासोलाई मध्यनजर गर्दै तालुकदार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्राधिकरणलाई नियामक र सेवा प्रदायक निकायको रुपमा स्थापित गर्न कानूनी प्रक्रिया अघि बढाएको थियो।

नेपालको हवाई उडान सेवालाई सुरक्षित, स्तरीय, प्रभावकारी एवं विश्वसनीय बनाइ सुविधायुक्त विमानस्थलको धावनमार्ग, स्तरोन्नति र अन्तरराष्ट्रिय मापदण्डअनुरुप विमानस्थल तथा एयर नेभिगेशन सेवा सञ्चालन गर्न नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकाले, सङ्घीय संसद्ले ऐन बनाएको हो।

त्यस्तै नागरिक उड्डयन सेवालाई सुरक्षित, नियमित, स्तरीय र भरपर्दो बनाइ प्रभावकारी नियमनको माध्यमबाट अन्तरराष्ट्रिय मान्यताअनुरुप नेपालको नागरिक उड्डयनको विकास तथा विस्तार गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले संसद्ले ऐन बनाएको हो।

यी दुवै विधेयक अब प्रतिनिधिसभामा पेश हुनेछन्। प्रतिनिधिसभाले पारित गरेपछि राष्ट्रपतिबाट हस्ताक्षर भई लागू हुनेछ। नेपालको हवाई उडानमा गुणस्तर कायम हुने, अन्तरराष्ट्रिय क्षेत्रमा नेपालको उड्डयनबारे सकारात्मक सन्देश जाने कानूनमन्त्री कार्कीले बताउनुभयो।

अन्तरराष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) र युरोपेली सङ्घ (इयू) को उडान सुरक्षालाई थप सुदृढ गर्न हालको प्राधिकरणलाई विभाजन गरी नियामक र सेवाप्रदायक संस्थाका रुपमा स्थापित गरिँदा नेपालको हितमा हुने भन्दै उहाँले पर्यटनको विकासका निम्ति, प्राधिकरणलाई सक्षम र प्रभावकारी बनाउनका लागि विधेयक ल्याइएको स्पष्ट पार्नुभयो।

पूर्वपर्यटनमन्त्री जीतेन्द्रनारायण देवले अन्तरराष्ट्रिय अभ्यासलाई समेत ध्यानमा राखी वैज्ञानिक ढङ्गले नियमनकारी र सेवाप्रदायक सेवा बनाइनुपर्ने भएकाले नेपालको आवश्यकता अनुसार विधेयक बनेको बताउनुभयो।

प्राधिकरणका महानिर्देशक राजन पोखरेलले विधेयक दुबै सदनबाट पारित भइसकेपछि युरोपेली युनियन (इयू) ले नेपालमाथि लगाएको उडान प्रतिबन्ध हट्ने बताउनुभयो। उहाँले भन्नुभयो,"दुई संस्था विभाजन भइसकेपछि इयूका पदाधिकारी नेपाल आउछन्। इयूको मुख्य चासो सम्बोधन हुन्छ। तत्पश्चात् इयूले नेपालमाथि लगाएको उडान प्रतिबन्ध हट्नेछ।"

राष्ट्रियसभामा विसं २०७६ फागुन ११ मा प्राधिकरण विभाजनसम्बन्धी दुबै विधेयक दर्ता भएको थियो। तत्कालीन पर्यटनमन्त्री योगेशकुमार भट्टराईले पेश गर्नुभएको उक्त विधेयक समितिमा दफाबहार छलफलका लागि पठाइएको थियो।

इयूको हवाई सुरक्षा चासोलाई सम्बोधन गर्न सरकारले प्राधिकरणलाई विभाजन गरी नियामक र सेवा प्रदायक संस्थाको रुपमा गर्नेगरी विधेयक ल्याएको हो। यद्यपि, प्राधिकरण विभाजन विधेयक उपर प्राधिकरणकै कर्मचारीले विरोध जनाएका थिए। प्राधिकरणलाई विभाजन गर्न नहुने कर्मचारीको तर्क छ।

संस्था विभाजन भएमा कर्मचारीको सेवा सुविधामा कुनै समस्या नहुने मन्त्रालयको भनाइ छ। मन्त्रालयका अनुसार नियामक निकाय सानो संरचनामा हुनेछ। त्यसमा छुट्टै दरबन्दी सिर्जना गरिनेछ। अर्को सेवा प्रदायक निकायमा पनि छुट्टै दरबन्दी हुने भएकाले कर्मचारीको सुविधा कटौती नहुने जनाइको छ। प्राधिकरण विभाजनको संस्थागत संरचनाबारे पर्यटन मन्त्रालयद्वारा गठित कार्यदलले काम गरिरहेको छ।

प्राधिकरणका महानिर्देशक पोखरेलले विधेयक प्रक्रिया अघि बढेपछि प्राधिकरणको संस्थागत सुदृढिकरणका लागि बाटो सहज हुने र त्यस प्रयोजनका निम्ति कार्यदलले थप काम अघि बढाउने जानकारी दिनुभयो। विधेयक अघि बढेसँगै इयूको हवाई सुरक्षा चासो अनुरुप नेपालले आफ्नो उपस्थिति बलियो बनाउन सहयोग पुग्ने उहाँको भनाइ छ।

सन् २०१३ को अन्त्यमा ईयूले हवाई सुरक्षा कमजोर रहेको निष्कर्ष निकाल्दै नेपाली वायुसेवा कम्पनीका विमानलाई आफ्नो आकासमा उडान गर्न प्रतिबन्ध लगाएको थियो। नेपालले बारम्बार प्रयास गरे पनि उक्त प्रतिबन्ध खुलाएको छैन।

सुरक्षा चासो जनाउँदै आइकाओ र इयूले प्राधिकरणलाई अलग गर्न आग्रह गर्दै आएका थिए। आइकाओको सन् २००९ को 'अडिट' मा सन् २०१२ मा आइकाओका अध्यक्ष नेपाल आउँदा र इयूले पनि प्राधिकरणको नियामक तथा सेवा प्रदायक निकाय अलग गर्न सुझाव दिएको थियो। आइकाओले नेपालप्रति लगाएको गम्भीर सुरक्षा चासोको सूचीबाट पाँच वर्षअघि नै हटाइसकेको छ।

संसद्को अन्तरराष्ट्रिय सम्बन्ध समितिले गत साउन ५

*बाँकी तीन पृष्ठमा*

## नेपालसहित २६ देशका विद्यार्थीलाई कोरिया प्रवेश नगर्न सुझाव

सोल, १८ साउन (रासस)।

दक्षिण कोरियामा डेल्टा भेरियन्टसहित कोभिड संक्रमण दर उच्च भएपछि यहाँ अध्ययन गर्न आउने नेपाललगायत विदेशी विद्यार्थीलाई तत्काल कोरिया प्रवेश नगर्न सुझाव दिइएको छ।

पछिल्लो समय कोरियामा संक्रमण दर उच्च देखिएपछि यहाँको सरकारले उक्त सुझाव दिएको हो। दक्षिण कोरियामा आगामी सेप्टेम्बरबाट कलेजहरूमा दोस्रो सेमेस्टर शुरु हुँदैछ। सुरु हुने भए तापनि यहाँको शिक्षा मन्त्रालयले डेल्टा भेरियन्टसहित कोभिड-१९ सङ्क्रमणको दर उच्च रहेका २६ देशबाट कोरिया प्रवेश नगर्न सुझाव दिएको हो। मन्त्रालयका अनुसार कम्तीमा पनि ७० प्रतिशत कोरियाली जनताले खोप नलगाएसम्म विदेशी बिधार्थी हाललाई स्वीकार्य हुने छैन।

दक्षिण कोरियाले हालसम्म ३४।९ प्रतिशत पहिलो र १३।५ प्रतिशत दोस्रो डोजको खोप लगाएको छ। आगामी सेक्टेम्बरको अन्त्यसम्म ७० प्रतिशत खोप लगाउने लक्ष्य पूरा हुने मन्त्रालयले बताएको छ।

नेपालसहित तत्काल प्रवेशमा रोक लगाएका देशहरूमा भारत, दक्षिण अफ्रिका, मलावी, बोत्सवाना, मोजाम्बिक, इस्वातिनी, जिम्बाब्वे, बङ्गलादेश, ब्राजिल, सुरिनाम, पाराग्वे, चिली, उरुग्वे, फिलिपिन्स, इन्डोनेसिया, संयुक्त अरब इमिरेट्स, उज्बेकिस्तान, भियतनाम, रुस, लेबनान, मलेसिया, हाइटी, अंगोला, कुवेत र त्रिनिदाद र टोबागो छन्।


मन्त्रालयका अनुसार पहिलो सेमेस्टरका लागि ३३ हजार ८२६ विदेशी विद्यार्थी कोरिया प्रवेश गरेका छन्। यो २०१९ को तुलनामा ८२ प्रतिशत कम हो। प्रवेश गरेकामध्ये हालसम्म २५५ जनामा कोरोना भाइरस पुष्टि भइसकेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# कोषद्वारा ८०० थान अक्सिजन सिलिण्डर प्रदान

काठमाडौं, १८ साउन (रासस)।

सरकारलाई संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (यूएनएफपिए)ले ८०० थान अक्सिजन सिलिण्डर प्रदान गरेको छ।

कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य सेवा विभागअन्तर्गत व्यवस्थापन महाशाखाका निर्देशक डा भीमसिंह टिङ्करीलाई कोषका नेपालस्थित उपप्रतिनिधि डा हसिना बेगमले सोमबार रु एक करोड १९ लाख मूल्य बराबरको ८०० थान अक्सिजन सिलिण्डर हस्तान्तरण गर्नुभएको हो।

निर्देशक डा टिङ्करीले यसअघि कोभिड-१९ को दोस्रो लहरविरुद्ध संघर्ष गरिरहेको समयमा नेपालले अक्सिजनको ठूलो अभाव भोग्नुपरेको उल्लेख गर्दै कोषले उपलब्ध गराएको अक्सिजन सिलिण्डरले तेस्रो लहरको समाना गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

कोषकी नेपाल प्रतिनिधि लुब्ना बाकीले प्रदान गरिएको अक्सिजन सिलिण्डरले कोभिड-१९ का बिरामीलाई उपचार गर्न सहयोग पुग्ने बताउँदै महामारीको प्रभाव न्यून गर्न स्वास्थ्यकर्मीको सुरक्षा, लैङ्गिक हिंसा, हानिकारक अभ्यासहरुको सम्बोद्धन र गर्भनिरोधक तथा प्रजनन स्वास्थ्य सामग्रीको आपूर्तिसहित यौन तथा प्रजनन् स्वास्थ्य सेवाको निरन्तरतालाई सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो।

प्रजनन उमेरका महिला तथा किशोरीको विशेष र निश्चित आवश्यकता सम्बोद्धनका लागि कोषले सङ्घीय, प्रादेशिक, स्थानीय सरकार र साझेदारसँग मिलेर काम गरिरहेको छ। यसअघि कोषले सङ्क्रमण रोकथाम गर्नका लागि नेपाल सरकारको प्रयासलाई मद्दत गर्न सात हजार २४८ थान पिपिइ सेट उपलब्ध गराएको थियो।

### *प्राधिकरण विधेयक ...*

गते प्राधिकरणको संस्थागत संरचनासम्बन्धी प्रस्तावित विधेयकबारे प्राधिकरणका महानिर्देशक राजन पोखरेलसँग छलफल गरेको थियो। प्राधिकरणको संस्थागत संरचना सुदृढिकरणसँग सम्बन्धित नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक तथा नेपाल हवाई सेवा प्राधिकरण विधेयक राष्ट्रियसभाको विधान समितिमा छलफल भई परिमार्जनसहित राष्ट्रियसभामा पेश गर्ने निर्णय भएको थियो।

प्राधिकरणलाई दुई भिन्न निकाय बनाउने प्रयोजनका निम्ति तद्सम्बन्धी ऐनको मस्यौदा तयार गरिएको पर्यटन मन्त्रालययले जनाएको छ। अन्तर्राष्ट्रिय अभ्यास अनुरुप प्राधिकरण चल्नैपर्ने बाध्यताका कारण नियामक र सेवा प्रदायकका रुपमा हवाई सुरक्षा प्रणालीमा थप गुणस्तर कायम गर्ने उद्देश्यका लागि विधेयक प्रक्रिया अघि बढाइएको हो।

प्राधिकरणलाई विभाजन गरेको खण्डमा इयूको सुरक्षा चासोलाई पनि सम्बोधन हुने मन्त्रालयको बुझाइ छ। इयूको सुरक्षा चासोसँग जोडिएका धेरै कुरालाई नेपालले सम्बोधन गरिसकेकाले खासगरी उनीहरुको नियामक र सेवाप्रदायक एउटै निकाय होस् भन्ने चाहनालाई पनि ध्यानमा राखेर विधेयक ल्याइएको हो।

राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)लाई युरोपेली मुलुकका गन्तव्यमा उडान भर्न सहज हुनेछ। निगमले वाइड बडी जहाज भित्र्याएपछि युरोपेली गन्तव्यमा उडानका लागि पहल गरिरहेको छ। नेपालको उड्डयन क्षेत्रलाई भिन्नभिन्नै निकायको रुपमा स्थापित गर्दा अन्तर्राष्ट्रिय सुरक्षा मापदण्ड पूरा गर्दै मुलुकको हवाई क्षेत्रलाई सुरक्षित, गुणस्तरीय र प्रभावकारी बनाउन सहयोग पुग्नेछ।

नेपालको उड्डयन क्षेत्रलाई भिन्नभिन्नै निकायको रुपमा स्थापित गर्दा अन्तर्राष्ट्रिय सुरक्षा मापदण्ड पूरा गर्दै मुलुकको हवाई क्षेत्रलाई सुरक्षित, गुणस्तरीय र प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास लिइएको छ। नेपालले युरोपेली मुलुक फिनल्याण्डसँग पनि हवाई सेवा सम्झौताको तयारी गरिरहेको छ।

प्राधिकरणका अनुसार नेपालले हालसम्म विश्वका ४० मुलुकसँग हवाई सम्झौता गरिसकेको छ। पछिल्लो पटक सन् २०१९ सेप्टेम्बर ३० तारिखका दिन अष्ट्रेलियासँग हवाई सेवा सम्झौता भएको थियो। अहिले तीन नेपालीसहित ३० वायुसेवा प्रदायकले अन्तरराष्ट्रिय उडान गर्दै आएका छन्।

# सुरक्षाकर्मी बाहेक अन्य सुविधा नलिने स्वास्थ्य राज्यमन्त्रीको घोषणा

काठमाडौं, १८ साउन (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री उमेश श्रेष्ठले सुरक्षाकर्मी बाहेक अन्य सुविधा नलिने घोषणा गर्नुभएको छ।

सोमबार मन्त्रालयमा सार्वजनिक स्वास्थ्य र माहामारी नियन्त्रणबारे नीतिगत प्रतिबद्धता र कार्ययोजना सार्वजनिक गर्दै उहाँले सरकारले राज्यमन्त्रीलाई उपलब्ध गराउने सुविधामध्ये सुरक्षाकर्मी मात्र लिने जानकारी गराउनुभएको छ।

"सवारीसाधन, आवास र तलब भत्तालगायत कुनै पारिश्रमिक, भत्ता र सुविधा नलिने घोषणा गर्दछु" उहाँले भन्नुभयो। उहाँले राज्यमन्त्रीको जिम्मेवारी सम्हालेपछि आफ्नो व्यक्तिगत सबै व्यावसायिक सङ्लग्नताबाटसमेत अलग हुने निर्णय गर्नुभएको जनाउनुभएको छ।

"पदमा रहदा स्वार्थ बाझिने कुनै पनि प्रकारको व्यापार-व्यवसायमा म सङ्लग्न नहुने प्रतिबद्धता सार्वजनिक गर्दछु" उहाँले भन्नुभयो। श्रेष्ठ यही साउन १० गते राज्यमन्त्रीमा नियुक्त हुनुभएको थियो।




## विश्व समाचार

### भारतमा दैनिक सङ्क्रमितको संख्या स्थिर, ४० हजार थपिए

नयाँदिल्ली, १८ साउन (रासस/एएनआई)।

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या स्थिर रहेको छ। पछिल्ला केही दिनदेखि निरन्तर दैनिक औसत ४० हजार जनाका दरले नयाँ सङ्क्रमितहरु थपिएको देखिएको छ।

त्यसैगरी ३६ दिनदेखि दैनिक सङ्क्रमितको सङ्ख्या ५० हजारभन्दा कम रहेको पनि अधिकारीहरुले जनाएका छन्। कोरोना भाइरसविरुद्धको सतर्कता, खोप अभियानलगायतका कारणले अहिले दैनिक सङ्क्रमितहरुको सङ्ख्या ४० हजारको आसपासमा सीमित भएको विश्लेषण गरिएको छ। अधिकारीहरुले सोमबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ४० हजार १३४ जना नयाँ सङ्क्रमित भएका छन्।

सोही अवधिमा कोरोना भाइरसका कारण भारतमा ४२२ जनाको मृत्यु भएको पनि केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। भारतमा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमितहरुको कूल सङ्ख्या तीन करोड १६ लाख ९४ हजार ९५८ पुगेको छ। त्यसैगरी कोरोनाका कारण कूल मृतकको सङ्ख्या चार लाख २४ हजार ७७३ पुगेको पनि मन्त्रालयका अधिकारीहरुले जनाएका छन्। भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेका सङ्क्रमितहरुको सङ्ख्या चार लाख १३ हजार ७१८ पुगेको छ। पछिल्लो २४ घण्टामा भारतमा ३६ हजार ९४६ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। एकै दिनमा नयाँ थपिएका सङ्क्रमितहरुको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या थोरै भएकाले अहिले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या भने बढेको छ।

भारतमा कोरोना भाइरसको महामारी फैलिएदेखि अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरुको कूल सङ्ख्या तीन करोड आठ लाख ५७ हजार ४६७ रहेको छ। सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार कूल सङ्क्रमितमध्ये ९७.३५ प्रतिशत सङ्क्रमितहरु सङ्क्रमणमुक्त भइसकेका छन्। भारतमा अहिलेसम्म ४७ करोड २२ लाखभन्दा बढी मानिसलाई कोरोना भाइरसविरुद्धको खोप लगाइएको छ भने अहिलेसम्म ४७ करोड २२ लाख २३ हजार ६३९ जनाको कोरोना परीक्षण गरिएको छ। पछिल्लो २४ घण्टामा १७ लाख छ हजार ५९८ जनालाई कोरोना भाइरसविरुद्धको खोप लगाइएको मन्त्रालयले जनाएको छ।

### चीनभित्रै कोरोना भाइरस सङ्क्रमित हुनेको सङ्ख्या बढ्न थाल्यो

बेइजिङ, १८ साउन (रासस/सिन्ह्वा)।

चीनमा कोरोना भाइरसका सङ्क्रमित बढ्न थालेको बताइएको छ। कोरोना भाइरसको उद्गमस्थल चीनमा पछिल्लो समयमा देशभित्रै सङ्क्रमित भएकाहरु भेटिनेक्रम बढेको बताइएको छ। चीनमा आइतबार कोरोना भाइरसका ५५ जना नयाँ सङ्क्रमित भेटिएको नेशनल हेल्थ कमिसनले जानकारी दिएको छ। ती व्यक्तिहरु चीन भित्रैबाट सङ्क्रमित भएका पाइएको बताइएको छ।

चीनको जाङ्सुमा मात्र स्थानीयरुपमै सङ्क्रमण भएका ४० जना सङ्क्रमित भेटिएका बताइएको छ। त्यसैगरी हुनान, लियानिङमामा अरु सङ्क्रमित पाइएको बताइएको छ। ती क्षेत्रमा विगतका केही दिनदेखि निरन्तररुपमा नयाँ नयाँ सङ्क्रमित देखिने गरेका छन्। चीनभित्रै सङ्क्रमणका नयाँ सूचनाहरु आइरहेका ती अधिकारीहरुले जनाएका छन्।

स्थानीय नागरिकमै सङ्क्रमण देखिएपछि नेशनल हेल्थ कमिसनले चिन्ता व्यक्त गरेको छ। सोही कारणले चीनले पछिल्लो समयमा कोरोनाको परीक्षणलाई तीव्रता दिएको छ। चीनले कोरोना निको भएका नागरिकको पुन:स्वास्थ्य जाँच शुरु गरेको छ। यहाँ पछिल्ला हप्ताहरुमा हेलिङजाङ, हेइबेइ, सङ्घाइमा पनि सङ्क्रमित देखिएका छन्। देशभित्रै अर्थात् स्थानीयरुपमै चीनमा सङ्क्रमितहरु देखिन थालेपछि ती क्षेत्रहरुमा निको भएका बिरामीहरुमा पनि यहाँका स्थानीय स्वास्थ्य अधिकारीहरुले ध्यान दिन थालेका छन्। उनीहरुको पुन:स्वास्थ्य परीक्षण गर्ने काम केही महिनायतादेखि नै थालेको जनाएको छ।

### टर्कीमा एकै दिनमा झण्डै २१ हजार संक्रमित

आङ्करा, १८ साउन (रासस/सिन्ह्वा)।

कोरोना भाइरसको महामारीबाट अतिप्रभावित मुलुक टर्कीमा अहिले पनि दैनिक झण्डै २१ हजार नयाँ सङ्क्रमित थपिने गरेका छन्। सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार आइतबार मात्रै टर्कीमा २० हजार ८९० जना नयाँ सङ्क्रमित थपिएका छन्।

योसँगै टर्कीमा अहिलेसम्म ५७ लाख ४७ हजार ९३५ जना कोरोना भाइरसबाट सङ्क्रमित भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। पछिल्लो एक दिनमा टर्कीमा ९६ जनाको मृत्यु भएको छ। योसँगै कूल मृतकको सङ्ख्या ५१ हजार ४२८ पुगेको छ। टर्कीमा कोरोना भाइरसबाट सङ्क्रमित भएरपनि एक दिनमा पाँच हजार ५३९ जना सङ्क्रमणमुक्त भएका छन्।

अधिकारीहरुका अनुसार पछिल्लो एक दिनमा दुई लाख ५१ हजार २२४ जनाको कोरोना परीक्षण गरिएको छ। टर्कीमा कोरोना भाइरसविरुद्धको खोप लगाउने अभियान चलिरहेको भए पनि महामारी पनि फैलिइरहेको छ। गत जनवरी १ मै चिनियाँ खोप सिनोभ्याक्स लगाउन टर्की सरकारले अनुमति दिएको थियो। चार करोड १० लाखभन्दा बढीलाई पहिलो चरणको खोप लगाइसकिएको छ। तीमध्ये दुई करोड ७० लाखले दुवै खोप लगाएका छन्।

# ६ सय ६३ स्थानीय तहमा पुग्यो इन्टरनेट

काठमाडौँ, १८ साउन (रासस)।

देशैभर उच्च गतिको ब्रोडब्याण्ड इन्टरनेट पुऱ्याउने लक्ष्यसहित नेपाल दूरसञ्चार प्राधिकरणले अघि बढाएको परियोजना अन्तर्गत असार मसान्तसम्म ६६३ स्थानीय तहमा इन्टरनेट जडान गरिएको छ।

प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषको आर्थिक सहयोगमा उक्त सेवा उपलब्ध गराउन सम्बन्धित परियोजनालाई १८ वटा प्याकेज बनाएर सञ्चालन गर्दै आएको हो। उक्त प्याजेक अन्तर्गत असार मसान्तसम्ममा ९४ दशमलव ४४ प्रतिशत स्थानमा उच्च गतिको इन्टरनेट जडान भइसकेको छ।

अठार प्याकेजमध्ये १५ प्याकेजअन्तर्गत ६० जिल्लाका तोकिएका स्थानमा १०० प्रतिशत तथा दुई प्याकेज अन्तर्गत १० जिल्लामा ५० प्रतिशतभन्दा बढी स्थानमा इन्टरनेट जडान गरिएको छ।

यस्तै चार जिल्लाका तोकिएका स्थानमा सञ्जाल विस्तारका लागि सेवा प्रदायक छनोट भई निर्माण कार्य भइरहेको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार १८ वटा प्याकेजका १५ हजार ९८२ स्थानमध्ये हालसम्म १४ हजार २१८ स्थानमा इन्टरनेट जडान भइसकेको छ भने एक हजार ७६४ स्थानमा इन्टरनेट जडान गर्न बाँकी छ।

सातसय दुई स्थानीय निकायमध्ये असार मसान्तसम्म ६६३ स्थानमा इन्टरनेट जडान भइसकेको र ३९ स्थानीय तहमा जडान भइरहेको छ। यसैगरी पाँच हजार ९३३ वडा कार्यालयमध्ये हालसम्म पाँच हजार २६४ स्थान, पाँच हजार २२५ माध्यमिक विद्यालयमध्ये चार हजार ६४० विद्यालय र चार हजार १२२ स्वास्थ्य संस्थामध्ये तीन हजार ६५१ संस्थामा इन्टरनेट जडान भइसकेको छ।

सम्पन्न भइसकेका परियोजनामध्ये हालसम्म छ वटा परियोजनाको अनुगमन तथा प्रमाणीकरण भइसकेको, दुई परियोजनाको प्राधिकणबाट नियुक्त परामर्शदाताबाट पहिलो चरण अन्तर्गतको अनुगमन तथा प्रमाणीकरण भइरहेको र दुई परियोजनाको दोस्रोचरण अन्तर्गतको अनुगमन तथा प्रमाणीकरण भइरहेको छ।

कूल रु पाँच अर्ब २६ करोड ९७ लाख ७० हजार रकममध्ये हालसम्म रु तीन अर्ब ३८ करोड ८७ लाख ब्रोडब्याण्ड परियोजनाका लागि सेवा प्रदायकलाई भुक्तानी गरिएको प्राधिकरणका प्रवक्ता पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार उक्त परियोजना अन्तर्गत देशभरका नगरपालिका, गाउँपालिका, वडा कार्यालय, शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराउन लागिएको हो। उक्त परियोजनामा उपत्यकाका काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लालाई समेटिएको छैन्।

# तीन हजार एक सय पचिस संक्रमित

काठमाडौं, १८ साउन (रासस)।

नेपालमा गएको २४ घन्टामा तीन हजार १ सय २५ जनामा कोरोना भाइरसको संक्रमण देखिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार सोमबार १३ हजार ८११ जनामा परीक्षण गर्दा तीन हजार १२५ जनामा सक्रमण देखिएको हो।

यस्तै गत २४ घण्टामा एक हजार ९२५ जना यो सङ्क्रमणबाट मुक्त भएका छन्। नेपालमा अहिलेसम्म छ लाख ५८ हजार १२२ जना यो सङ्क्रमणबाट मुक्त भएका र निको हुने दर ९४.१ प्रतिशत रहेको छ। यस्तै गएको २४ घण्टामा संक्रमणबाट २३ जनाको निधन भएको छ।

सोमबार निधन भएकासँगै नेपालमा कोरोना भाइरसको संक्रमणबाट नौ हजार ८९८ जनाको ज्यान गएको छ। हाल सघन उपचार कक्ष (आइसियु) मा ६९० जना र भेन्टिलेटरमा १७५ जना उपचार गराइरहेका पनि मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ।

# सुजिता हत्या घटनामा उनका बाबु कामेश्वर पाण्डे पनि पक्राउ

**दैनिक समाचारदाता**
**महोत्तरी, १८ साउन।**

महोत्तरीको लोहारपट्टी नगरपालिका ७ भ्रमरपुराकी सुजिता ठाकुरको हत्याको घटना अनुसन्धानका लागि प्रहरीले उनका बाबु कामेश्वर पाण्डेलाई पनि पक्राउ गरेको छ।

गत जेठ २० गते राति भएको सुजिताको हत्यामा बाबुको संलग्नता देखिने केही प्रमाण फेला परेकाले पक्राउ गरेको प्रहरीले जनाएको छ।

महोत्तरीका प्रहरी प्रवक्ता डीएसपी प्रकाश विष्टले सुजिताका बाबुले उनको हत्याका लागि देवर रुपेशलाई उक्साएको तथ्य फेला परेको बताए। अनुसन्धानका क्रममा यस्तो अडियो फेला परेको तथा सुजिताको हत्यापछि देवर रुपेशले जेठ २५ गते सुजिताका बाबु कामेश्वरलाई जानकारी समेत गराएको पाइएको प्रहरीको भनाइ छ।

रुपेशले हत्या गरेर जानकारी गराएपछि कामेश्वरले हत्याको घटना लुकाउन रुपेशसँग बार्गेनिङ गरेको देखिएको पनि विष्टले बताए। सुजिताको हत्याको खबर पाएपछि कामेश्वरले बच्चाको नाममा जग्गा राखिदिनुपर्ने भनेर बार्गेनिङ गरेको र केही सीप नलागेपछि अरु व्यक्तिमार्फत प्रहरीमा आएको देखिएको डीएसपी विष्टले बताए।

प्रहरीले सुजिताकी नन्द अञ्जु ठाकुर र जनकपुरधाम उपमहानगरपालिका-२४ कुटी पोखरी बस्ने ५५ वर्षीय प्रमोद मण्डललाई पनि पक्राउ गरेको छ। सुजिताकी नन्द अञ्जुलाई समेत रुपेशले हत्यालगत्तै फोन गरेर जानकारी गराएको र अञ्जुले पनि यो कुरा लुकाएको प्रहरीको भनाइ छ।

प्रमोदले भने हत्या गरिएकी सुजिताको शव खेतमा गाडेको र २९ गते त्यहाँबाट उत्खनन् गरी ५ सय मिटर टाढाको सेफ्टी ट्यांकीभित्र लुकाउन संलग्न देखिएको प्रहरीको भनाइ छ।

हत्या घटनामा संलग्न भएका मृतक सुजाताका देवर रुपेशसहित चार जनालाई प्रहरीले यसअघि नै पक्राउ गरिसकेको छ। रूपेश, उनकै गाउँका ३७ वर्षीय बण्ठा भन्ने किशोरी मण्डल, ३३ वर्षीय मुल्ला भन्ने आदम राइन र ३२ वर्षीय नथुनी मण्डललाई पक्राउ गरेर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

## ओभरटेक गर्ने ...

मोटरसाइकल, बस र बसका चालक प्रहरी नियन्त्रणमा रहेको थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit, City Express, Best Remit, Prabhu Money Transfer, IME, himal remit, CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*